खण्ड ९ सुनछहरी , साउन २२ गते, २०८२ साल संख्या ६

# सुनछहरी गाउँपालिका
## स्थानीय राजपत्र

खण्ड ९ सुनछहरी, साउन २२ गते, २०८२ साल संख्या ६

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँकार्यपालिले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**भाग-२**

## सुनछहरी गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान कार्यविधि,२०८२

*गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०४//२२*

*प्रमाणीकरण मितिः २०८२/०५//०२*

*राजपत्रमा प्रकाशित मितिः २०८२/०५//०३*

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका कृषि तथा पशुपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र यस पालिकाका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषि तथा पशुपालनलाई आवलम्बन गरेका छन् । कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि उपज तथा पशुजन्य वस्तुहरुलाई उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा व्यवसायीलाई संगठित गरि बजारमा गुणस्तरीय तरकारी, फलफूल, मासु, अन्डा र मसलाजन्य बस्तु बिक्रि गरे बापत बिक्रिका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले सुनछहरी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा "ण" को अधिकारलाई कार्यान्वयन गर्न यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ.**

सुनछहरी गाउँपालिका कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८२ रहनेछ ।

२: परिभाषा र व्याख्या:

(क)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले सुनछहरी गाउँ कार्यपालिका सम्झनुपर्दछ।

(घ) "गाउँपालिका" भन्नाले सुनछहरी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालयहरूलाई सम्झनुपर्दछ ।

(छ)"अनुदान" भन्नाले कृषि तथा पशुजन्य वस्तुको उत्पादन गरी प्रक्रियागत रुपमा बिक्रि गरेबापत गाउँपालिकाले प्रदान गर्ने रकम सम्झनुपर्दछ ।

(ज) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि आफ्नै जग्गामा वा कसैको जग्गा करारमा (भाडामा) लिई कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि सम्बन्धी उद्योग र कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय समेतलाई सम्झनुपर्दछ ।

(झ) "उत्पादक" भन्नाले कृषि बालीबस्तु उत्पादन गर्ने कृषक, समूह, कम्पनी, उद्योग, कृषि तथा पशुपंक्षी फर्म वा कृषि सहकारीलाई सम्झनुपर्दछ ।

(ञ) “खाधान्न बाली” भनन्नाले अन्नबाली धान,मकै,गहुँ लगाएतका अन्नबालीको रुपमा प्रयोग हुने बालीलाई सम्झनुपर्दछ ।

(ट) “दलहन बाली” भन्नाले दुईदलिय बाली भटमास,मसुरो,चना,अरहर,मास,मुङ्ग,राजमा,सिमी लगाएत दलहनको रुपमा प्रयोग हुने बाली सम्झनुपर्दछ ।

(ठ) “तेलहन बाली” भन्नाले तेलजन्य बाली बदाम,तोरी,रायो,तिल,सुर्यमुखी,फिलङगी,भाङ्गो जस्ता तेलजन्य बालीहरु सम्झनुपर्दछ ।

(ड) “औधोगिक बाली भन्नाले सुर्ती(काचो पात), कपास, उखु,अल्लो,भिमल,सनपाट,केतुकी,केराको ब्रोक्रा जस्ता बालीलाई जनाउदछ ।

(ढ) “रैथाने बाली” भन्नाले कोदो, चिनो, कागुनो, जुनेलो, फापर, सेतो भट्ट, घैया धान, छिर्केमर्के सिमी, जौ लगायत लोपोन्मुख हुन लागेका बालीलाई जनाउदछ ।

(ण) “तरकारी बाली" भन्नाले फुलगोबी साग, सिमि, बोडी, केराउ, बन्दागोवी, सिम्लामिरिच, चिचिन्डा, लौका, आलु, गोलभेडा, घिरौला, फर्सी, भान्टा लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउदछ ।

(त)"फलफूल"भन्नालेकागती,किवी,लिची,आँप,अनार,सुन्तला,काक्रा,ड्रागनफ्रूट,मेवा,स्याउँ,ओखर,अङ्गुर,अम्बा,नास्पति,आरुबखडा,हलुवाबेद, केरा लगायतका फलफूलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउदछ।

(थ) "मसलाजन्य बस्तु" भन्नाले लसुन, अदुवा खुर्सानी, अलैची, टिमुर,धनिया, प्याज, बेसार, जिरा लगायतका मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउदछ ।

(द) “पशुजन्य उत्पादित वस्तु” भन्नाले पशुबाट उत्पादित विभिन्न चिज वस्तुहरुलाई जनाउदछ ।

(ध) “कृषक समूह" भन्नाले कृषक-कृषक मिलेर बनेको समूह भने बुझिन्छ ।

(न) “संकलन केन्द्र" भन्नाले सुनछहरी गाउँपालिकावासी कृषकले उत्पादन गरेको कृषि तथा पशुजन्य उत्पादन खरिद गर्ने बनाईएको स्थल वा गाउँपालिकाले तोकिएको स्थान/संकलन केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य

**३. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन ।**

(१) यस गाउँपालिका भित्र (निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यवसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा वृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने।

(२) कृषि उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत, विकसित गर्ने।

(३) साना किसानहरुलाई संगठित गरी सहकारीमा आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने ।

(४) कृषि तथा पशुजन्य उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्ने।

(५) युवाशक्तीलाई व्यवसायिक कृषि उत्पादन मार्फत आर्थिकमा आत्मानिर्भर बनाई बढ्दो वैदेशिक पलायनतालाई रोक्ने।

## परिच्छेद ३
## सहकारी, संकलन केन्द्र तथा कृषक समूहको छनौट

४. अनुदान वितरणको लागि सहकारी, कृषि फर्म तथा कृषक समुह छनौट गरि गाउँपालिका र सहकारी, कृषि फर्म तथा कृषक समुह बिच सम्झौता गरिनेछ ।

(१) सम्बन्धित वडाको कृषि सहकारी संस्था/कृषक समुहले समग्र कृषि संकलन तथा बजार व्यवस्थापनको लागि एउटा कृषक समुह/कृषि सहकारी संस्थालाई जिम्मेवारी तोकिनेछ जस्कालागि सम्बन्धित वडाले ७ दिने सूचना प्रकाशन गरी प्राप्त आवेदन मध्ये एकजना कृषक समुह/सहकारी संस्थालाई वडा समितिले छनौट गरी गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(२) यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरणका लागि कम्तिमा एक वडामा एक वटा कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूह तोकिने छ। त्यसैगरी तोकिएको कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहलाई गतिशिल बनाउन पालिका र वडाबाट सहयोग गरिनेछ ।

(३) तोकिएका सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह र गाउँपालिका बिच अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता हुनेछ ।

(४) कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाबाट निर्धारित कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ र सो कृषि सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह मार्फत कृषि उपजको कारोबार गर्नु पर्नेछ ।

(५) कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा कृषि उपजहरुको दैनिक खरिद तथा बिक्रीको रेकर्ड अनुसूची-३ बमोजिमको ढाँचामा प्रत्येक किसानहरूको अभिलेख छनौट भएको कृषक समुह वा कृषि सहकारीको रोहबरमा राख्नु पर्नेछ ।

(६) सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्र तथा भइरहेका संकलन केन्द्रलाई खारेज तथा बचाउ गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

(७) कुनै समुह फर्म वा कृषि सहकारीमा आवद्ध नभएको कृषक तर उत्पादन गरि गाँउपालिका भन्दा बाहिर निर्यात गर्नु परेमा तोकिएको/छनौट भएको कृषि सहकारी संस्था/कृषक समुह बाट अनुमति लिएर मात्र बिक्रि वितरण गर्नुपर्नेछ ।

## परिच्छेद-४

## अनुदान सम्बन्धी व्यवस्था

**५. अनुदान तथा आर्थिक सहायता**

(१) कृषकहरुले बाली तथा पशुजन्यबस्तुहरु उत्पादन गरि सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत बिक्रि गरी कृषि तथा पशुजन्यबस्तु उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति गाउँपालिका भित्रका कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) पालिकाद्वारा निर्धारित सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहले अनुसूची-३ बमोजिमको ढाँचामा कृषकहरुको खरिद अभिलेख छनौट भएको कृषि सहकारी संस्था/कृषक समुह र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(३)अनुसूची ४ बमोजिमको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना गाउँपालिकाले प्रकाशित गर्नु पर्नेछ ।

(४) एउटै आर्थिक वर्षमा एउटै उत्पादन वितरणमा आधारित अनुदान वा अन्य कुनै प्रकारको अनुदान प्राप्त कृषकलाई समेत उत्पादनमा आधारित थप अनुदान प्रदान गरिने छ ।

(५) गाउँपालिकाद्वारा छनौट सम्बन्धित वडाको कृषक समुह/कृषि सहकारी संस्थाको बैंक खातामा EFT मार्फत एकमुस्ट अनुदान रकम ६/६ महिनामा भुक्तानी गरिनेछ र भुक्तानी भएको अनुदान रकम ७ दिन भित्र सो रकम सम्बन्धित वडा कार्यालयले प्राप्त अनुदानग्राहीहरुको नामावली सूचना प्रकाशन गरी वडा समितीद्धारा वितरण गरेको फोटोहरु वडा अध्यक्षको रोहबरमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(६) कृषकहरुलाई बिक्रीको आधारमा सहकारी /कृषि तथा पशुपंक्षी समूह / कृषि तथा पशुपंक्षी फर्म/ संकलन केन्द्रहरुको अभिलेख सहित सिफारिसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

| क्र.स. | कृषि तथा पशुजन्य उत्पादित वस्तुहरुको नाम | उत्पादन एकाई (केजि/लिटर/गोटा) | न्युनतम बार्षिक उत्पादन | प्रति एकाई प्रोत्साहन अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | पशुजन्य उत्पादनहरु | | | | |
| १. | दुध | प्रति लि | ५० लिटर | रु १०। | |
| २. | मासु | | | | |
| २.१ | खसी/बोका/भेडा/ बंगुर | प्रति गोटा | ३ वटा | रु ५००। | १५ केजि भन्दा तलकोलाई अयोग्य मानिनेछ । |
| २.२ | पाडा/रागाँ | प्रति गोटा | १ वटा | रु १०००। | ५० केजि भन्दा तलकोलाई अयोग्य मानिनेछ । |
| ३ | पंक्षी जन्य | | | | |
| ३.१ | स्थानिय/लेयर्स/गिरीराज | प्रति केजि | १० ओटा | रु ३०। | |
| ३.२ | ब्रोईलर | प्रति केजि | | रु १०। | |
| ३.४ | बटाई | प्रति केजि | | रु ६०। | |
| ३.५ | टर्की | प्रति केजि | | रु ४०। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | हासँ | प्रति केजि | | रु ३०। | |
| ३.७ | अण्डा | प्रति क्यारेट | ५० क्यारेट | रु २०। | |
| ४. | घाँसको बिउ | प्रति केजि | ५ के जि | रु ५। | |
| ५. | डाले घाँसको बेर्ना/फलफूलको बेर्ना | प्रति बेर्ना | ५०० बेर्ना | रु २। | |
| ६. | उन/पस्मिना | प्रति कजी | ५० के जि | रु ५०। | |
| ७. | घिउ | प्रति केजि | २५ के जि | रु ३०। | |
| ८. | चिउरी घिउ | प्रति केजि | २५ के जि | रु १०। | |
| | कृषिजन्य उत्पादनहरु | | | | |
| ९. | खाधान्न बाली (रैथाने बाहेक) | प्रति केजि | २०० के जि | रु २। | |
| १०. | खाधान्न बाली (रैथाने बाली) | प्रति केजि | १०० के जि | रु ५। | |
| १० | मसला बाली | प्रति केजि | १०० के जि | रु १०। | लसुन/अलैची प्रति केजि रु २०। |
| ११. | फलफूल बाली | प्रति केजि | १०० के जि | रु ५। | स्याउँ/किवि प्रति केजि रु १०। |
| १२. | तरकारी बाली | प्रति केजि | १०० के जि | रु २। | |
| १३. | तेलहन बाली | प्रति केजि | १०० के जि | रु १०। | |
| १४. | दलहन बाली | प्रति केजि | १०० के जि | रु १०। | |
| १५. | औधोगिक बाली | प्रति केजि | १५ के जि | रु २०। | |
| १६. | मौरीको मह | प्रति केजि | २५ के जि | रु ३०। | |

**६. अनुदान व्यवस्थापन समितिको व्यवस्था**

क. संयोजक-गाउँपालिका अध्यक्ष

ख. सदस्य- गाउँपालिका उपाध्यक्ष

ग. सदस्य- प्रमुख प्रशासकीय अधिकृत

घ. सदस्य-सम्बन्धित वडाको वडा अध्यक्ष

ड. सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख

च. सदस्य- सहकारी शाखा प्रमुख

छ. सदस्य- आर्थिक विकास समितिको संयोजक

ज. सदस्य- कृषि विकास शाखा प्रमुख

झ. सदस्य सचिव- पशु सेवा शाखा प्रमुख

**७. अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

क. अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने।

ख. आवश्यक परे छुट्टै मूल्यांकन कार्यदल गठन गर्ने।

ग. आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने गराउने।

घ. समय समयमा अनुगमन गरी सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने।

**८. विविध**

८.१ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

८.२ यो कार्यविधिको संशोधन जुनसुकै बेला कार्यपालिकाको बहुमतवाट संसोधन गर्न सकिनेछ।

**अनुसुची -१**

**<u>सुनछहरी गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान</u> कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था / संकलन केन्द्र/कृषि तथा पशुपंक्षी फर्म/कृषक तथा कृषि समूह र सुनछहरी गाउँपालिका बीच भएको संझौता पत्र**

सुनछहरी गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीक र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपसिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने सुनछहरी गाउँपालिका र दोश्रो पक्ष भनिने.. सहकारी संस्था/संकलन केन्द्र/कृषक तथा कृषि समूह/कृषि तथा पशुपंक्षी फर्म/कृषक विच तपसिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौ/दियौ

**संझौताका शर्तहरुः**

१. सहकारी संस्था/संकलन केन्द्र/कृषक तथा कृषक समूहले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र तथा समूहमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ।

२. सम्बन्धित सहकारी संस्था/संकलन केन्द्र/कृषक तथा कृषक समूहले सूचिकृत भएका कृषकहरुको कृषि उपजको विक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ ।

३. सहकारी संस्था/संकलन केन्द्र/कृषक तथा कृषक समूहले दैनिक कारोबारको अभिलेखिकरण पालिकास्तरीय मूल्य निर्धारण समितिद्वारा निर्धारित मूल्यको आधारमा राख्नुपर्नेछ ।

४. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्था/संकलन केन्द्र/कृषक तथा कृषक समूहले गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा पेश भएको विक्री कारोवारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८२ को परिच्छेद ४ दफा(५) को उपदफा (६) बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम सहकारी संस्था/संकलन केन्द्र/कृषि तथा पशुपंक्षी फर्म तथा कृषक समूहमा आवद्ध कृषकहरुको बैंक खातामा सिधै EFT मार्फत भुक्तानी गरिनेछ ।

७. छनौट भएको कृषक समुह/कृषि सहकारी संस्थाले कृषि संकलन केन्द्रमा उत्पादित वस्तुहरु ल्याएर बिक्रि गरेबापत पाउने अनुदान रकमबाट बजार व्यवस्थापनको लागि कृषक समुह/कृषि सहकारी संस्थालले पाउनुपर्ने रकमको ५% रकम सम्बन्धित कृषक समुह/कृषि सहकारी संस्थालाई बुझाउनु पर्नेछ ।

८. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा राखिएको खरिद बिक्री र मूल्यको अभिलेखीकरण गलत वा झुट्टा ठहरिएमा सो सहकारी संस्था/संकलन केन्द्र/कृषि तथा पशुपंक्षी फर्म/कृषक तथा कृषि समूहलाई पालिकाद्वारा कालोसूचीमा राखिनेछ ।

९.छनौट भएका कृषक समुह/कृषि सहकारीले कृषि संकलन केन्द्रमा यस सम्झौतामा उल्लेख भएका व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट सही गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| | सम्प्रर्क नं : |
| छाप : | छापः |

**अनुसूची २**

**<u>सुनछहरी गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान</u> सहयोग कार्यक्रममा सहकारी / संकलन केन्द्र/ कृषक/कृषि तथा पशुपंक्षी फर्म/कृषक समूहले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा**

मिति..........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सुनछहरी गाउँ कार्यगाउँपालिकाको कार्यालय, पोबाङ रोल्पा ।

**विषयः उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति..गते प्रकाशन गरिएको सूचना अनुसार सुनछहरी गाउँपालिका वडा नं.......... मा अवस्थित श्री. .सहकारी संस्था/संकलन केन्द्र/ कृषि तथा पशुपंक्षी कृषक समूह /कृषक/ कृषि तथा पशु फर्मले सामुहिक रुपमा कृषिजन्य वस्तुहरुको संकलन गरी खरिद तथा विक्री कार्यमा संलग्न भएकोले यस सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकोले तपसिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु।

**तपशिल**

**अनुसूची २**

**बमोजिमको निवेदन पत्र,**

१. वडा कार्यालयको सिफारिश।

२. सहकारीको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता।

३. सहकारी/संकलन केन्द्र तथा कृषक समूहको अभिलेखको प्रतिलिपि,

४. समुह/सहकारीको हकमा सदस्यहरुको निर्णयको प्रतिलिपि ।

निवेदक

नाम, थर : ठेगाना :

पद :

संस्थाको नाम : छाप :

मोबाइल

## अनुसूची ३

सहकारी सस्था, संकलन केन्द्र, कृषक, कृषि फर्म तथा कृषक समुहको नाम :

ठेगाना :

**(कृषकले गरेको खेति तथा उत्पादनको विवरण)**

| सि.नं. | कृषकको नामथर | ठेगाना | कृषि तथा पशुजन्य उत्पादित वस्तुहरुको नाम | जम्मा संख्या | जम्मा उत्पादन (के.जि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची ४**

**सुनछहरी गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रमको सूचना**

मिति :.

**सूचना । सूचना ।। सूचना ।।**

सुनछहरी गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक संकलन केन्द्र/कृषक समूह / सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ।

आवश्यक कागजातहरु

१. अनुसुची २ अनुसारको ढाँचामा निवेदन,

२. वडा कार्यालयको सिफारिश,

३. सहकारी,समुह,फार्मको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ताको प्रतिलिपी

४. कृषकहरुको विवरण।

आज्ञाले
प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत